# शिक्षा ऐन, २०७६

कुम्मायक गाउँपालिका

यासोक, पाँचथर।

# कुम्मायक गाउँपालिकाको शिक्षा ऐन, २०७६

गाउँसभा बाट पारित मितिः२०७६।०३।१६

प्रमाणिकरण मितिः २०७६।०३।१६

पहिलो संशोधनः २०७८।०९।३०

**प्रस्तावनाः** देश र समाजको सर्वपक्षीय विकास र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढिकरणका लागि नागरिकहरुमा सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रबर्द्धन गर्न तथा सीपयुक्त, परिश्रमी, सिर्जनसिल र प्रतिस्पर्धि क्षमता भएका योग्य नागरिक तयार गर्नको लागि कुम्मायक गाउँपालिकामा स्थापना हुने र यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भई संचालन भइरहेका विद्यालयहरुलाई व्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाका रुपमा विकसित गर्नु बान्छनीय भएकोले नेपालको संविधानको धारा २२६, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) को अधिकार प्रयोग गर्न सोही ऐनको दफा १०२ (१) बमोजिम १ नम्बर प्रदेश, पाँचथर जिल्ला, कुम्मायक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"कुम्मायक गाउँपालिकाको शिक्षा ऐन , २०७६"** रहेको छ ।

(२) यो ऐन पाँचथर जिल्लाको कुम्मायक गाउँपालिकामा लागू हुनेछ ।

(३) यो ऐन कुम्मायक राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ(कक्षा १-३, १-५, १-८) सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह (९-१०,९-१२) सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "गाउँपालीका" भन्नाले पाँचथर जिल्लाको कुम्मायक गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ)"गाउँ सभा" भन्नाले पाँचथर जिल्लाको कुम्मायक गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिकअपाङ्गता भएका बालबालिकालाई दिइने विशेष व्यवस्थापन सहितको शिक्षा सम्झनु पर्छ ।

---

पहिलो संशोधनद्वारा थप।

छ) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने [2] नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालयमा संञ्चालित शिक्षालाई सम्झनु पर्छ।

ज) "सार्वजनिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालय सम्झनुपर्छ।

झ) "निजि लगानिका विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त संस्थागत विद्यालय सम्झनु पर्छ।

ञ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनीअभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्दछ। सो शब्दले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

ट) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ।

ठ)" प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापक सम्झनुपर्दछ र सो शब्दले विद्यालयको प्रधानाध्यापक समेतलाई जनाउदछ।

ड) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

ढ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

ण) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

त) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

थ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

द) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

ध) "प्रारम्भिक बाल शिक्षा" भन्नाले तीन वर्ष माथि र पाँच बर्ष मुनिका बालबालिकालाई दिइने प्रारम्भिक बाल शिक्षा सम्झनु' पर्छ।

न)[3] ..........................................।

---

[2] पहिलो संशोधनद्वारा थप।



२०८८।५।१८०।

प) "विद्यालय निरीक्षक" भन्नाले विद्यालयहरुको अनुगमन, निरीक्षण र सुपरीबेक्षण लगायतका कामकाग गर्न तोकिएको [4]...........

कर्मचारीलाई सम्झनु पर्छ।

फ)" शिक्षा अधिकृत" भन्नाले कुम्मायक गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख लाई सम्झनु पर्छ।

ब)." गाउँ शिक्षा समिति" भन्नाले कुम्मायक गाउँपालिकाको शिक्षा समितिलाइ सम्झनु' पर्छ।

भ)." वडा शिक्षा समिति" भन्नाले कुम्मायक गाउँपालिकाको वडा स्तरमा गठन हुने शिक्षा समितिलाइ सम्झनु' पर्छ।

म)." व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु' पर्छ।

य) "समावेसी शिक्षा" भन्नाले देहाय बमोजिमको शिक्षा सम्झनु पर्छः

१. दृष्टिबिहिन, न्यून दृष्टियुक्त, शुस्त श्रवण, अटिजम, बौद्धिक शारिरिक वा अन्य अपाङ्गता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा।

[5]२.सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा।

र) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत बिद्यार्थीका अभिभावक भनी बिद्यालयको अभिलेखमा जनिएका व्यक्तिलाई सम्झनु पर्छ।

[6]ल) "आधारभुत विद्यालय" भन्नाले खण्ड क बमोजिमको शिक्षा दिने विद्यालयलाई सम्झनु पर्छ।

[7]व) "माद्यमिक विद्यालय" भन्नाले खण्ड ख बमोजिमको शिक्षा दिने विद्यालयलाई सम्झनु पर्छ।

[8]श) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालयलाई सम्झनु पर्छ।

[9]ष) "नेपाल शिक्षक महासंघ" भन्नाले कुम्मायक गाउँपालिकामा कार्यरत शिक्षकहरुको छाता संगठनलाई सम्झनु पर्छ।

[10]स) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ।

[11]ह)"बाल शिक्षक" भन्नाले प्रारम्भिक बाल शिक्षामा सहजिकरण गर्ने शिक्षक सम्झनु पर्छ।

[12]क्ष) "विद्यालय कोष" भन्नाले प्रत्येक विद्यालयमा संञ्चालन तथा व्यवस्थापनको लागि संघिय सरकार, प्रदेश सरकार,स्थानीय सरकार, र दातृ निकायबाट प्राप्त अनुदान साथै अभिभावक, चन्दादाता तथा अन्य स्रोत बाट प्राप्त रकम सम्झनु पर्छ।

---

[3] पहिलो संसोधनद्वारा झिकिएको।
[4] पहिलो संशोधनद्वारा झिकिएको।
[5] पहिलो संशोधनद्वारा थप।
[6] पहिलो संशोधनद्वारा थप।
[7] पहिलो संशोधनद्वारा थप।
[8] पहिलो संशोधनद्वारा थप।
[9] पहिलो संशोधनद्वारा थप।
[10] पहिलो संशोधनद्वारा थप।
[11] पहिलो संशोधनद्वारा थप।

[13]ञ) "स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक" भन्नाले स्थानीय भाषा,संस्कृति, धर्म, कृषि,पशु, बन पैदावार, प्रर्यटन आदि परम्परागत रुपमा संञ्चालन भई आएका विषयवस्तुहरुलाई समेटी बनाइएको पाठ्यक्रम तथा पाठ्यपुस्तक लाई सम्झनु पर्छ।

[14]ञ) "शैक्षिक सहकारी संस्था" भन्नाले विद्यालय वा शिक्षण संस्थामा स्थापना वा संञ्चालन गरी शिक्षक वा शिक्षा क्षेत्रको विकासमा सहयोग पुर्याउने उदेश्य राखी प्रचलित कानून बमोजिम स्थापना भएको सहकारी संस्था सम्झनु पर्छ।

[15]क१) "बालक्लब" हरेक विद्यालयमा विविध गतिविधि लगायत अतिरिक्त क्रियाकलाप समेत संञ्चालन एवंम व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम गठित समुह/ क्लब झम्झनु पर्छ।

३. माध्यमिक शिक्षा देहायका प्रकारको हुनेछः

क) साधारण माध्यमिक शिक्षा।

ख) संस्कृत माध्यमिक शिक्षा।

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

(१) धार्मिक विद्यालयहरुले पनि संघीय ऐन नियमवलीको प्रक्रिया पूरा गरी माध्यमिक शिक्षा सञ्चालन गर्न सक्नेछन।

**४. विद्यालयको अनुमती, स्वीकृति, बर्गीकरण र समायोजन तोकिए बमोजिम हुनेछ।**

**५. शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषामा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ

क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ।

ख) गैर नेपाली नागरिकले कुम्मायक गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**६.विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।**

**७. विद्यालयको संचालन तोकिए बमोजिमको आधारमा अनुमति लिएरमात्र हुनेछ।**

**८. गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ।**

---

[12] पहिलो संशोधनद्वारा थप।
[13] पहिलो संशोधनद्वारा थप।
[14] पहिलो संशोधनद्वारा थप।
[15] पहिलो संशोधनद्वारा थप।

९.गाउँपालिकाले तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्दा[16] संघीय ऐन नियमावलीले तोकिदिएको प्रकृया पूरा गरी सञ्चालन गर्न सक्ने छ।

१०. गाउँपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ तर समाज तथा राष्ट्रकालागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवदेवी, तीर्थस्थलँ वा प्राकृतिक सम्पदाको नामबाट संचालित विद्यालयको नामाकरण परिवर्तन गर्न सकिने छैन।

**११. गाउँ शिक्षा समितिको गठन तथा [17]...... [18]काम, कर्तव्य र अधिकार** :(१) कुम्मायक गाउँपालिकामा देहाय वमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिकाको प्रमुख [19]वा सो काम गर्न तोकिएको व्याक्ति — अध्यक्ष

(ख) [20]गाउँपालिकाले तोकेको गाउँपालिकाका सदस्यहरुमध्येबाट १ महिला सहित २ जना — सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक — सदस्य

(घ) [21] ............

(ङ) [22]सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट गाउँपालिकाले मनोनित गरेका २ जना — सदस्य

(च)[23] ..........

(छ) [24]..........

(ज) [25] ....................

(झ) नेपाल शिक्षक महासंघ गाउँपालिका समिति अध्यक्ष १ जना — सदस्य

(ञ) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना — सदस्य

(ट) [26]शिक्षा प्रेमी, बुद्धिजीवी, चन्दादाता तथा शिक्षा क्षेत्रमा महत्वपूर्ण योग्दान पुर्याउने व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित १ जना दलित र १ जना महिला सहित ३ जना — सदस्य

---

[16] पहिलो संशोधनद्वारा संशोधित।
[17] पहिलो संशोधनद्वारा झिकिएको।
[18] पहिलो संशोधनद्वारा थप।
[19] पहिलो संशोधनद्वारा थप।
[20] पहिलो संशोधनद्वारा संशोधित।
[21] पहिलो संशोधनद्वारा झिकिएको।
[22] पहिलो संशोधनद्वारा संशोधित।
[23] पहिलो संशोधनद्वारा झिकिएको।
[24] पहिलो संशोधनद्वारा झिकिएको।
[25] पहिलो संशोधनद्वारा झिकिएको।
[26] पहिलो संशोधनद्वारा संशोधित।

(ठ)[27] ..........

(ड) प्राविधिक शिक्षा दिने विद्यालयका प्रशिक्षक मध्येबाट शिक्षा समितिले मनोनित गरेको १ जना — सदस्य

(ढ) शिक्षा अधिकृत वा [28]सो कार्य गर्न तोकिएको ब्यक्ति — सदस्य सचिव

(२) गाउँ शिक्षा समितिको बैठकमा बिभिन्न क्षेत्रका विज्ञ व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(३) [29]उपदफा १ बमोजिम मनोनित सदस्यको पदावधि २ बर्षको हुनेछ। मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बञ्चित गरिने छैन ।

(४)[30] ..........

(५)[31] ..........

(६)[32] ..........

[33](७) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार : (१) गाउँशिक्षा समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

[34](८) अध्यापन अनुमति पत्र लिनुपर्नेः संघीय शिक्षा ऐनले व्यवस्था गरे बमोजिम अध्यापन अनुमति पत्र नलिई कसैले शिक्षक पदको लागि उमेद्वार हुन पाउने छैन।

[35](९) अनुदान कटौती नगरिनेः यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई यस पालिकाले प्रदान गर्दै आएको अनुदान रकममा कटौती गरिनेछैन, तर कुनै विद्यालयले तोकिएको शर्त कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गर्न सकिनेछ।

[36](१०) प्रारम्भिक बालविकास केन्द्र संञ्चालन,व्यवस्थापन तथा अनुदानः गाउँपालिकाले आफ्नो क्षेत्र भित्र खोलिएका प्रारम्भिक बालविकास केन्द्रलाई **'प्रारम्भिक बालविकास केन्द्र संञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७७'** ले तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

---

[27] पहिलो संशोधनद्वारा झिकिएको।

[28] पहिलो संशोधनद्वारा संशोधित।

[29] पहिलो संशोधनद्वारा संशोधित।

[30] पहिलो संशोधनद्वारा झिकिएको।

[31] पहिलो संशोधनद्वारा झिकिएको।

[32] पहिलो संशोधनद्वारा झिकिएको।

[33] पहिलो संशोधनद्वारा थप।

[34] पहिलो संशोधनद्वारा थप।

[35] पहिलो संशोधनद्वारा थप।

[37](११) विद्यालयको व्यवस्थापन जिम्मा लिन सकिनेः व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन चाहेमा संघीय शिक्षा ऐनमा व्यवस्था भए बमोजिमको शर्तमा रही जिम्मा लिन सक्नेछ।

**१२. गाउँ शिक्षा समितिको[38] .... काम, कर्तव्य र अधिकार** : (१) यस शिक्षा ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. शिक्षा युवा तथा खेलकुद शाखावाट पेश भएको शैक्षिक योजना कार्यक्रम र बजेट माथि छलफल गरी कार्यपालिका समक्ष सिफारिस गर्ने ।

ख. गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राखी शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा युवा तथा खेलकुद शाखामार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने।

ग. नेपाल सरकारको नीति, कार्यक्रम अनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने।

घ. विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा थप सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

ङ. शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने, र शिक्षक कर्मचारीलाई मासिक रुपमा तलव भत्ताको व्यवस्थापनको लागि आवश्यक पहल गर्ने ।

च. विद्यालयको सम्पत्तीको सुरक्षा गर्ने तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने।

छ. विद्यालय विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने।

ज. विद्यालयको लेखापरीक्षण पश्चात लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कार्यबाही गर्ने, गराउने साथै सामाजिक परीक्षण गराइ प्राप्त नतिजा विश्लेषण गरी कार्यबाही गर्ने ।

झ. विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने।

ञ. विद्यालय गाभ्न र बन्द गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

ट. गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने।

ठ. आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

ड. गाउँपालिकावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही शैक्षिक संस्थाहरुलाई आवश्यक निर्देशन दिने ।

ढ. विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ।

[36] पहिलो संशोधनद्वारा थप।
[37] पहिलो संशोधनद्वारा थप।
[38] पहिलो संशोधनद्वारा झिकिएको।

ण. गाउँ क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित पठनपाठनको व्यवस्था मिलाउने।

त. संस्थागत र सामुदायिक विद्यालय सुधार, विकास र नियमनका लागि निर्देशिका / मापदण्ड बनाई कार्यान्वयन गर्ने।

थ. कुम्मायक गाउँपालिका भित्र उत्कृष्ट ठहरिएका विद्यालयलाई नमूना विद्यालयका रुपमा घोषणा , पुरस्कृत र सम्मान गर्ने ।

द. गाउँपालिका वडा भित्रका शैक्षिक संस्थाहरुलाई संरक्षण, सहयोग र अनुगमन गर्न वडा कार्यालयहरुलाई आवश्यकता अनुसार थप जिम्मेवारी दिने ।

ध. गाउँपालिकास्तरीय शैक्षिक पात्रो निर्माण गरी कार्यान्वयन गर्ने गराउने ।

न. विद्यालयको आय व्ययको निरीक्षण गर्ने गराउने ।

प. बिद्यार्थी शिक्षक अनुपातका आधारमा गाउँपालिका भित्रका बिद्यालयहरुको शिक्षक दरबन्दी मिलान गर्ने ।

फ. अस्थायी तथा करार शिक्षकरुको म्याद समाप्त भएको अवस्थामा शुल्क तोकी नविकरण गर्ने ।

ब. शिक्षक छनौट प्रयोजनका लागि बिषय बिज्ञको व्यावस्था गर्ने ।

भ. नेपाल सरकारद्वारा स्वीकृत रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिको लागि शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा विज्ञापन गर्ने अनुमति दिन सक्ने।

(२)[39] ..............

(३) [40]शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखको रुपमा शिक्षा अधिकृत वा सो काम गर्न तोकिएको व्यक्ति रहनेछ। शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ शिक्षा समितिमा पेश गर्ने गराउने ।

ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन, निरीक्षण तथा सुरीवेक्षण गर्ने गराउने ।

घ) [41]आफू मातहतका कर्मचारीलाई तोकिएको कामकाजमा खटाउने ।

ङ. गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने।

च.) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि गाउँ शिक्षा समितिमा सिफरिस गर्ने।

---

[39] पहिलो संशोधनद्वारा झिकिएको ।
[40] पहिलो संशोधनद्वारा थप ।
[41] पहिलो संशोधनद्वारा संशोधित ।

गाउँ कार्यपालिकाको कार्यालय ... १ नं. प्रदेश, नेपाल

२०७८/४/१२

छ) आधारभूत तहको कक्षा ८ को अन्तिम तथा वाह्य परीक्षा संचालन गर्ने गराउने।

ज) सार्वजनिक र निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने ।

झ) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरेको अनुगमन गर्ने ।

ञ) विद्यालय लेखापरीक्षणका लागि गाउँ शिक्षा समितिबाट प्राप्त लेखापरीक्षकहरुको सूची मध्येबाट लेखापरीक्षक नियुक्ति गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

झ) विद्यालयमा शिक्षक अभिभावक संघ गठन गर्ने गराउने।

ञ) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने गराउने।

ट) शिक्षकको तलबी प्रतिवेदन स्वीकृतीका लागि आवश्यक कार्य गर्ने गराउने।

ठ) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने गराउने।

ड) गाउँ शिक्षा समितिको सदस्य सचिवको कामकाज गर्ने।

ढ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१३. वडा शिक्षा समितिः** [42](१) वडा भित्रका विद्यालयहरुको संञ्चालन,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक वडामा देहायका सदस्यहरु रहेको एक वडा शिक्षा समिति रहनेछः

| | |
|---|---|
| क. सम्बन्धित वडाको वडाध्यक्ष | अध्यक्ष |
| ख. वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको १ जना | सदस्य |
| ग. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको १ जना | सदस्य |
| घ.माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रध्यानाध्यापक मध्येबाट वडा शिक्षा समितिले तोकेको उपलब्ध भएसम्म १ जना महिला पर्ने गरि २ जना | सदस्य |
| ङ. सम्बन्धित वडा भित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले तोकेको दलित महिला र अपाङ्गता भएका व्यक्ति मध्येबाट (उपलब्ध भएसम्म) ३ जना | सदस्य |
| च.सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |
| छ. वडास्तरीय बालक्लब संञ्जाल/बालक्लबको प्रतिनिधि १ छात्रा सहित २ जना | आमन्त्रित सदस्य |

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार[43]..... [44]तोकिए बमोजिम हुनेछ।

---

[42] पहिलो संशोधनद्वारा थप ।

[43] पहिलो संशोधनद्वारा झिकिएको।

[44] पहिलो संशोधनद्वारा थप।

**१४. विद्यालय व्यवस्थापन समिति[45]........:** (१) विद्यालय संचालन रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकहरुले आफूमध्येबाट छानी पठाएका दुईजना महिला सहित ४ जना — सदस्य

(ख)गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा[46] समितिले[47].... मनोनयन गरेको १ जना — सदस्य

(ग)बिद्यालयका संस्थापक, बुद्धिजिवी, शिक्षाप्रेमी, बिद्यालयलाई निरन्तर दश बर्ष देखि सहयोगगर्ने वा बिद्यालयलाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका ब्यक्तिहरुमध्येबाट बिद्यालय ब्यवस्थापन समितिले मनोनित गरेका [48]एक जना महिला सहित २ जना — सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको १ जना — सदस्य

(ङ) प्रधानाध्यापक — सदस्य सचिव

(च) [49].....

(२) [50]......[51]प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग बाणिज्य संघका २ जना प्रतिनिधि, समाहित शिक्षा उपलब्ध गराउने विद्यालयमा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक मध्ये बाट १ जना र अपाङ्गता भएका वालवालिका अध्ययन गर्ने विशेष विद्यालयमा सम्बन्धित अपाङ्गताका क्षेत्रमा काम गर्ने संस्थाका १ जना प्रतिनिधि सदस्य रहने छन्।

(क)[52]विद्यालय व्यवसथापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), खण्ड (ख) र खण्ड (ग) बमोजिमका सदस्य मध्येबाट सोही समितिका सदस्यहरुद्वारा बिद्यालय ब्यवस्थापन समितिको अध्यक्षको छनौट गरिनेछ।

[53] (ख) बालक्लवका छात्र तथा छात्रा सहित २ जना आमन्त्रित सदस्य राख्न सकिनेछ।

[54](ग) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ।

---

[45] पहिलो संशोधनद्वारा झिकिएको।
[46] पहिलो संशोधनद्वारा थप।
[47] पहिलो संशोधनद्वारा झिकिएको।
[48] पहिलो संशोधनद्वारा संशोधित।
[49] पहिलो संशोधनद्वारा झिकिएको।
[50] पहिलो संशोधनद्वारा झिकिएको।
[51] पहिलो संशोधनद्वारा थप।
[52] पहिलो संशोधनद्वारा थप।
[53] पहिलो संशोधनद्वारा थप।

[55](घ) शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यबेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(३)[56] .......

(४) [57]......

(५) [58]...........

(६) संस्थागत विद्यालयमा विद्यालय संचालन तथा रेखदेख गर्न देहाय वमोजिमका सदस्यहरु भएको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापकहरु मध्येंबाट विद्यालय सञ्चालक समितिको सिफारिसमा शिक्षा अधिकृतले तोकेको अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्नेगरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका २ जना सदस्य

(ग)[59]शिक्षा,युवा तथा खेलकुद शाखाको प्रतिनिधि [60]...... १ जना सदस्य

(घ)सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको १ जना सदस्य

(ङ) [61]....[62]स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको १ जना सदस्य

(च) विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

(७) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ शैक्षिक सत्रको हुनेछ ।[63]त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अधि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन।

(८) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिको दुई तिहाई मतले स्वीकृत गर्नेछ ।

(९) [64]................................

---

[54] पहिलो संशोधनद्वारा थप।
[55] पहिलो संशोधनद्वारा थप।
[56] पहिलो संशोधनद्वारा झिकिएको।
[57] पहिलो संशोधनद्वारा झिकिएको।
[58] पहिलो संशोधनद्वारा झिकिएको।
[59] पहिलो संशोधनद्वारा थप।
[60] पहिलो संशोधनद्वारा झिकिएको।
[61] पहिलो संशोधनद्वारा झिकिएको।
[62] पहिलो संशोधनद्वारा थप।
[63] पहिलो संशोधनद्वारा थप।
[64] पहिलो संशोधनद्वारा झिकिएको।

(१०) अध्यक्षको पद रिक्त रहेको अवस्थामा सदस्यको राजिनामा व्यवस्थापन समितिको दुई तिहाई मतले स्वीकृत गर्नेछ। वि.व्य.स. अध्यक्षको राजिनामा स्वीकृत भएको अवस्थामा समितिको बैठकको अध्यक्षता सदस्यहरुमध्येबाट सबैभन्दा जेष्ठ सदस्यले गर्नेछन। विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधीलाई आमन्त्रित गर्नु पर्नेछ। यसरी आमन्त्रण गरिएका बाल क्लबका प्रतिनिधीहरुले राखेको दृटिष्कोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएमा बाल प्रतिनिधिहरुलाई जिम्मेवार बनाईनेछैन।

(११) अभिभावकको अभिलेख राख्ने : (१) विद्यालयले गाउँ कार्यपालिका, शिक्षा युवा तथा खेलकुद शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यैको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई प्रचलित नियम बमोजिम संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ तर संरक्षक अभिभावकले यसै नियमको उपनियम (१) (क) बमोजिम विद्यालय ब्यबस्थापन समितिको पदाधिकारिमा उम्मेदवार हुन पाउने छैन।

(२) उपनियम (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ।

**१५. [65].......**

**१६. विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था:** [66]... [67]तोकिए बमोजिम हुनेछ।

[68](१) विद्यालय व्यवस्थापन समिति विगठन गर्न सकिने: क. कुनै विद्यालयको विद्ययालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को कारण खुलाई गाउँशिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विगठन गर्न सक्नेछ। तर त्यसरी विगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

ख. उपदफा (१) क. बमोजिम विद्यालय व्यवस्थापन समिति विगठन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

**१७. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक।

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको।

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको।

---

[65] पहिलो संशोधनद्वारा झिकिएको।
[66] पहिलो संशोधनद्वारा झिकिएको।
[67] पहिलो संशोधनद्वारा थप।
[68] पहिलो संशोधनद्वारा थप।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको।

(ङ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि बाहेक अन्य सामुदायिक वा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरु।

(च) अन्य विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष पदमा कार्यरत रहेको।

(छ) अध्यक्ष हुनका लागि कम्तिमा आधारभूत विद्यालयमा एस.ई.ई. र माध्यमिक विद्यालयमा १२ कक्षा वा सो सरह उत्तीर्ण नभएको तर त्यस्तो योग्यता भएको ब्यक्ति नरहेको अवस्थामा एक तह मुनिको हुनुपर्नेछ।

**१८.** [69]....

**१९. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : (१) यस शिक्षा ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने।

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने।

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने।

(घ) १० महिना वा सो भन्दा बढिको तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तिमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने।

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागि पहल गर्ने।

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्न सक्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई विद्यालयको [70]कार्यविधि/ वि.व्य.स. ले तोकेको तलब भत्ता व्यवस्था गर्ने।

(छ) नेपाल सरकार तथा स्थानीय सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा युवा तथा खेलकुद शाखामा लेखिपठाउने।

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कार्यबाही गर्ने।

(झ) कुनै शिक्षक वा कर्मचारीलाई [71]ऐन बमोजिम कार्यबाही गर्न पाउने विषयमा विभागीय कार्यबाही गरी त्यसको [72]जानकारी शिक्षा युवा तथा खेलकुद शाखालाई दिने तथा आफूलाई कार्यबाही गर्न अधिकार नभएको विषयमा कार्यबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन पठाउने।

(ञ) स्थानीय सरकार बाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने।

---

[69] पहिलो संशोधनद्वारा झिकिएको।
[70] पहिलो संशोधनद्वारा संशोधित।
[71] पहिलो संशोधनद्वारा संशोधित।
[72] पहिलो संशोधनद्वारा संशोधित।

(ट) शिक्षक, अभिभावक, शि.अ.सं., वि.व्य.स. र विद्यार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्ने।

(ठ) गाउँपालिकावाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने ।

(ड) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने।

(ढ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने।

(ण) निरीक्षकले विद्यालयको निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने।

(त) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने।

(थ) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने।

(द) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने।

(ध) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

(न) विद्यालयको चल अचल सम्पत्तीको संरक्षण र सदुपयोग गर्ने।

(प) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कार्यबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने।

(फ) गाउँपालिका, गाउँ शिक्षा समिति र शिक्षा युवा तथा खेलकुद शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(ब) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने तथा कार्यबाहीको लागि सिफारिससाथ शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने ।

(भ) व्रिद्यालयको पढाइ व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने ।

(म) प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमा विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रम सार्वजनिक गर्ने।

**(२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।**

**(३) विद्यालय व्यवस्थापन समिति विगठन गर्न सकिने:** क. कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरागर्न नसकेमा सो को कारण खुलाई गाउँशिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विगठन गर्न सक्नेछ। तर त्यसरी विगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासीव मौका दिनु पर्नेछ।

ख. खण्ड क. बमोजिम विद्यालय व्यवस्थापन समिति विगठन भएपछि अर्को व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँशिक्षा समितिले बाँकी अवधिकालागि एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

**२०. शिक्षक अभिभावक संघ सम्बन्धि व्यवस्थाः** (१) [73]सामुदायिक विद्यालयको आर्थिक तथा शैक्षिक व्यवस्थापनलाई नतिजामुखि, पारदर्शी तथा जवाफदेही बनाउन, सामाजिक परीक्षणलाई व्यवस्थित गर्न तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्दि गर्ने प्रयोजनार्थ प्रत्येक विद्यालयमा शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी [74]घटिमा ७ देखि बढीमा ११ सदस्यीय शिक्षक–अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ। शिक्षक अभिभावक संघको अध्यक्ष अभिभावक मध्येबाट छनौट गर्नुपर्ने छ। [75]शिक्षक अभिभावक संघको गठन प्रक्रिया देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क. विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छनौट गरी पठाएको १ जना | अध्यक्ष |
| ख. विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छनौट गरी पठाएको कम्तिमा २ महिला सहित ५ जना | सदस्य |
| ग. शिक्षाप्रेमी, बुद्दिजीवी, चन्दादाता मध्येबाट सम्भव भएसम्म दलित समेत पर्ने गरी शि.अ. संघले मनोनित गरेको २ जना | सदस्य |
| घ. विद्यालय व्यवस्थापन समिति अध्यक्ष | पदेन सदस्य |
| ङ. प्रध्यानाध्यापक | पदेन सदस्य |
| च. विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छनौट गरी पठाएको १ जना | सदस्य सचिव |

(३) ...

(४) .......

(५) .....

(६)[76] .....[77]उपदफा (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार [78]....[79]तोकिए बमोजिम हुनेछ :

[80]क ....ङ

[81](७) .....

---

[73] पहिलो संशोधनद्वारा थप

[74] पहिलो संशोधनद्वारा थप।

[75] पहिलो संशोधनद्वारा थप।

[76] पहिलो संशोधनद्वारा झिकिएको।

[77] पहिलो संशोधनद्वारा थप ।

[78] पहिलो संशोधनद्वारा झिकिएको।

[79] पहिलो संशोधनद्वारा थप।

[80] पहिलो संशोधनद्वारा झिकिएको।

[81] पहिलो संशोधनद्वारा झिकिएको।

[82](८) नेपाल शिक्षक महासघः क. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँपालिका स्तरमा एक नेपाल शिक्षक महासंघ रहनेछ।

ख. नेपाल शिक्षक महासंघको निर्वाचन नेपाल शिक्षक महासंघको ऐनले तोकिए बमोजिम हुनेछ ।

**२१. संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : (१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय[83] बमोजिम हुनेछः

(क) विद्यालयको गुठीयार वा कम्पनी सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने।

ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र प्रबन्ध गर्ने।

(ग) विद्यार्थीहरुलाई परीक्षामा सामेल गराउने।

(घ) गाउँपालिका वा नेपाल सरकार बाट सञ्चालित विभिन्न कार्यक्रममा विद्यालयलाई सरिक गराउने।

(ङ) प्रत्येक वर्ष अभिभभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक सत्रको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने।

(च) विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी नियुक्ति भएको छ महिना भित्र स्थायी पदपूर्ती सम्बन्धि प्रक्रिया शुरु गर्ने।

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीको तलब भत्ता, विदा, काज तथा अन्य सुविधा सम्बन्धी शिक्षा नियमावली स्वीकृत गर्ने तथा शिक्षक कर्मचारीलाई आवश्यक सुविधा उपलब्ध गराउने ।

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने, र सो कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लेखित कार्यमा मात्र खर्च गर्ने।

(झ) राम्रो आचरण सहित कर्तव्य पुरा नगर्ने शिक्षक तथा कर्मचारीहरुलाई विभागीय सजाय गर्ने। [84]विभागीय कारवाही गर्नु अघि उपयुक्त सफाइको मौका दिने ।

(ञ) प्रत्येक वर्ष विद्यार्थी बाट लिने शुल्कको प्रस्ताव तयार गरी शैक्षिक सत्र शुरुहुन भन्दा एक महिना अगावै कुम्मायक गाउँपालिका, शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने।[85] साथै कम्तिम १० प्रतिशत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रावृतिको प्रबन्ध मिलाउने।

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्येबाट कम्तिमा ३ जना लेखा परीक्षकको नाम नियुक्तिको लागि शिक्षा शाखामा पठाउने।

---

[82] पहिलो संशोधनद्वारा थप ।
[83] पहिलो संशोधनद्वारा थप ।
[84] पहिलो संशोधनद्वारा थप।
[85] पहिलो संशोधनद्वारा थप।

(ठ) शिक्षक तथा विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने।

(ड)[86] ..........

(ढ) मन्त्रालय, गाउँपालिका, गाउँ शिक्षा समिति वा शिक्षा शाखाले दिएका निर्देशन कार्यान्वयन गर्ने गराउने।

(ण) गाउँपालिकाले माग गरेका विवरण पेश गर्ने वा गर्न लगाउने।

(२) विद्यालय व्यवस्थापन समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**(३) संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** क. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, दलित वा जनजाति विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

ख. उपदफा ३ क बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको १ छात्रवत्ति छनौट समिति रहनेछ।

[87](४) सामुदायिक तथा संस्थागत विद्यालयहरुले कक्षा तथा तह थप गर्न गाउँपालिकाबाट अनुमति तोकिए बमोजिम लिनुपर्ने छ।

**२२. बाल क्लवहरु [88]<u>तथा बालक्लब संञ्जाल</u> गठन गर्ने :** [89]प्रत्येक विद्यालयहरुले बालवालिकाको सर्वाङ्गिण हित तथा विकास गर्न र सामाजिक उत्तरदायित्व महसुश गराउन वातावरण संरक्षण, सरसफाई तथा सहयोगी भावना जागृत गराउन अपाङगता भएका, जातजाति, लिङग समेतका आधारमा समाबेशी हुने गरी बालक्लब संञ्चालन निर्देशिका बमोजिम बालक्लव गठन गरी परिचालन गर्नुपर्नेछ। गाउँपालिका भित्रका विद्यालयका बालक्लबहरुलाई समेटि गाउँपालिका स्तरमा बालक्लब संञ्जाल गठन गरी परिचालन गर्नु पर्नेछ।

**२३.शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्नेः**(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक[90] विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारीको दरवन्दी निर्धारण तोकिएबमोजिम हुनेछ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ।

---

[86] पहिलो संशोधनद्वारा झिकिएको।
[87] पहिलो संशोधनद्वारा थप।
[88] पहिलो संशोधनद्वारा थप।
[89] पहिलो संशोधनद्वारा संशोधित।
[90] पहिलो संशोधनद्वारा संशोधित।

(३) उपदफा (१) र (२) बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ। यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्ने छ।

[91]**२४. शिक्षक तथा कर्मचारीको सक्षमता र तालिमः** (१) शिक्षक कर्मचारीको सक्षमता र तालिम शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ।

**२५. स्थायी अध्यापन अनुमति पत्र लिनु पर्नेः** स्थायी अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन।

**२६. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ।

(क) तोकिए नबमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिनासूचना लगातार तिस दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सार्वजनिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि संघ संस्था वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षभित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तरभन्दा कम भएमा।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै करार शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिईने छ।

(३) स्थायी शिक्षकलाई उपदफा (१) बमोजिम वा अन्य माध्यमबाट पदबाट हटाउन तोकिए बमोजिमको निकायमा गाउँ शिक्षा समितिले सिफारिस गर्नेछ।

(४) सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीले विद्यालयको समय भन्दा अघि वा पछि कुनै संस्थामा पेशागत काम गर्नुपर्ने भएमा गाउँपालिकाको स्वीकृती लिएर मात्र गर्नु पर्नेछ। तर त्यस्तो शिक्षक कर्मचारी अन्य कुनै संस्थाको प्रमुख वा कार्यकारी वा प्रशासन प्रमुख भई कामकाज गर्न सक्नेछैन।

---

[91] पहिलो संशोधनद्वारा संशोधित।

**२७. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने:**[92](१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारीको अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्ने छ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुन:बहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**२८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने:**

दफा [93]२७ (१) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**२९. स्थायी आवासीय अनुमति लिन नहुने:**[94]सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यस दफाको प्रतिकुल हुनेगरी कामकाज गरेको पाईएमा त्यस्तो शिक्षक कर्मचारीलाई तत्काल पदबाट हटाई प्रचलित कानून बमोजिम कारवाही गर्न समेत सम्बन्धीत निकायमा गाउँ शिक्षा समितिले लेखिपठाउन सक्ने छ ।

**३०. शिक्षक तथा विद्यालय कर्मचारीको [95]व्यवस्था:** (१) विद्यायलको रिक्तदरबन्दीमा अस्थायी एवंम राहत शिक्षक र कर्मचारी पदमा करार नियुक्तिको लागि देहाय बमोजिमको एक शिक्षक कर्मचारी छनौट समिति हुनेछः

| | |
|---|---|
| क.[96] ...[97] विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य | अध्यक्ष |
| ख. शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख वा तोकिएको कर्मचारी | सदस्य |
| ग.[98] ....[99]माद्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरु मध्येबाट उपलब्ध भए सम्म १ जना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको २ जना (सूचिकृत विषय विज्ञ) | सदस्य |
| घ. शिक्षक छनौट गर्नुपर्ने विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |
| ङ. [100] ..... | |

[92] पहिलो संशोधनद्वारा संशोधित ।
[93] पहिलो संशोधनद्वारा संशोधित ।
[94] पहिलो संशोधनद्वारा संशोधित ।
[95] पहिलो संशोधनद्वारा संशोधित ।
[96] पहिलो संशोधनद्वारा झिकिएको ।
[97] पहिलो संशोधनद्वारा थप ।
[98] पहिलो संशोधनद्वारा झिकिएको ।
[99] पहिलो संशोधनद्वारा थप

च. [101].....

छ. विषयविज्ञ गाउँपालिका भित्रबाट नै पर्ने गरी सूचीकृतबाटं छनौट गर्नुपर्ने छ। गाउँपालिका भित्रबाट सम्भव नभएमा विषयविज्ञताको प्रमाण खुलाई अन्यत्रबाट समेत छनौट गर्न सकिने छ।

(२)[102]... [103]शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३)[104] ....

[105](४) सामुदायिक विद्यालयमा कर्मचारी सम्बन्धी व्यवस्थाः

क. सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दीमा रहने कर्मचारी नियुक्ति, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था संघिय ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

ख. विद्यालयमा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि विद्यालय व्यवस्थापन समितिले निर्माण गरी सो अनुसार नियुक्ति गर्नु पर्नेछ।

**३१[106]...**

**३२. शिक्षकको सरुवा**

(१) सरुवा हुन आवेदन दिने: दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिकाभित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले तोकिएबमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्नसक्ने छ ।

(२) [107]अन्तरपालिका तथा जिल्लान्तर सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाले [108]सम्बन्धित गाउँपालिकामा सरुवाको लागि सहमति दिनसक्ने छ ।

(३) गाउँ शिक्षा समितिले दरवन्दी मिलानको क्रममा स्थायी, करार तथा राहत करार शिक्षक सरुवा गर्नसक्ने छ, तर सामान्यतया शिक्षकको सरुवा पदस्थापन भएको पाँच बर्षसम्म गरिने छैन ।

(४)[109] ...

(५) [110]...

---

[100] पहिलो संशोधनद्वारा झिकिएको ।
[101] पहिलो संशोधनद्वारा झिकिएको ।
[102] पहिलो संशोधनद्वारा झिकिएको ।
[103] पहिलो संशोधनद्वारा थप ।
[104] पहिलो संशोधनद्वारा झिकिएको ।
[105] पहिलो संशोधनद्वारा थप ।
[106] पहिलो संशोधनद्वारा झिकिएको ।
[107] पहिलो संशोधनद्वारा थप ।
[108] पहिलो संशोधनद्वारा थप ।
[109] पहिलो संशोधनद्वारा झिकिएको ।

**३३. दरबन्दी मिलान [111]तथा सरुवा सम्बन्धी व्यवस्थाः** (१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षक-कर्मचारीको दरबन्दी मिलान गरिने छ।

[112](२) गाउँपालिका भित्र, अन्तरपालिका तथा जिल्लान्तर सरुवा हुन निवेदन दिने शिक्षकलाई देहाय अनुसार सरुवा गर्न सकिनेछः

क. गाउँपालिका भित्र सम्बन्धित वि.व्य.स.हरुको सहमतिको आधारमा सरुवा गर्न सकिनेछ।

ख. अन्तरपालिका तथा जिल्लान्तर सरुवाको लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा संघीय ऐनको परिधिमा रही शिक्षा विकास तथा समन्वय इकाईमा सिफारिस गरिनेछ।

ग. विद्यालयहरु समायोजन तथा एकीकरण हुने अवस्था सृजना भएमा नेपाल सरकारको सार्वजनिक विद्यालय समायोजन एवंम एकीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०७७ बमोजिम हुनेछ।

**३४. शिक्षकको स्थायी नियुक्ति र बढुवा सम्बन्धी व्यवस्थाः**(१)[113]स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय कानुनबमोजिम हुनेछ।

(२) गाउँपालिका अनुदानबाट नियुक्ती पाएका शिक्षकहरुको सेवा सर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

[114](३) अस्थायीं करार, राहत तथा अनुदानमा कार्यरत शिक्षकहरुको सेवा सुविधा संघीय ऐन नियमवली तथा प्रदेश सरकारले व्यवस्था गरेको कार्यविधि बमोजिम हुनेछ।

[115](४) विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

[116](५) गाउँशिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

[117](६) शिक्षक सरुवा तथा बढुवा व्यवस्थाहरु संस्थागत विद्यालयको हकमा लागु हुने छैन। तर संस्थागत विद्यालयको नाम परिवर्तन गर्ने तथा एक स्थानबाट अर्को स्थानमा सार्ने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :** (१) शिक्षकलाई संघीय र प्रदेश सरकार तथा गाउँपालिकाबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

---

[110] पहिलो संशोधनद्वारा झिकिएको।
[111] पहिलो संशोधनद्वारा थप।
[112] पहिलो संशोधनद्वारा संशोधित।
[113] पहिलो संशोधनद्वारा संशोधित।
[114] पहिलो संशोधनद्वारा थप।
[115] पहिलो संशोधनद्वारा थप।
[116] पहिलो संशोधनद्वारा थप।
[117] पहिलो संशोधनद्वारा थप।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**३७. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबारा, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण हुनुपर्ने छ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, बाल तथा छात्रामैत्री शौचालय तथा पानीको प्रबन्ध, सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

**३८. विद्यालयको सम्पत्तीः** (१) सार्वजनिक विद्यालयको हकभोगमा रहेको सम्पत्ती सार्वजनिक सम्पत्ती मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृती रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सार्वजनिक विद्यालयको सम्पत्ती गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम गाउँपालिकाको संचित कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ती सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ती सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तीको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित निजी लगानीका विद्यालयको सम्पत्ती सोही कम्पनीको नाममा रहनेछ।

(४) निजी लगानीका विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ती प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ, तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ती प्राप्त गर्नु अघि संघीय सरकार, प्रदेशसरकार र गाउँपालिकाबाट पूर्व स्वीकृती लिनुपर्ने छ।

(५) विद्यालयले चल अचल सम्पत्ती बेचविखन गर्दा गाउँपालिकाको अनुमति विना बेच्न पाउने छैन।

**३९. सार्वजनिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तीको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सार्वजनिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुनबमोजिम भोग चलन गर्नसक्ने छ।

(२) विद्यालयको सम्पत्तीको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ।

(३) सार्वजिनिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ।

**४०. पाठ्यक्रम र पाठ्यपुस्तकः**(१) विद्यालयले नेपाल सरकारको तोकेको सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ। विद्यालयले नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड भित्र रही राष्ट्रिय पाठ्यक्रम र पाठ्यपुस्तकका अतिरिक्त स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ।

(२) आफ्नो विद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र माग गर्नुपर्ने छ।

(३) शैक्षिक सत्र शुरु हुनु अगावै गाउँशिक्षा समितिले पाठ्यपुस्तकको आपूर्तिको लागि सम्बन्धीत निकायहरु संग समन्वय गर्न सक्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सकिनेछ।

(५) [118]..........

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ।

**४१. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः**(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लब, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ।

(३) सह तथा शैक्षिक क्रियाकलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४२.परीक्षा समन्वय समिति** : (१) गाउँपालिका भित्र नियमानुसार स्वीकृती वा अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरुमा परीक्षा सञ्चालनको नीति निर्धारण र समन्वय गर्न देहाय बमोजिमको एक परीक्षा समन्वय समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) स्थानीय सुरक्षा निकाय प्रमूख | सदस्य |
| ( ग ) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक | सद्रस्य |
| (घ) सामुदायिक विद्यालयका प्र.अ. मध्ये बाट [119]परीक्षा समन्वय समितिले मनोनित गरेको एक जना | सदस्य |
| (ङ) संस्थागत विद्यालयका [120]प्रिन्सिपल मध्येबाट एक जना | सदस्य |

[118] पहिलो संशोधनद्वारा झिकिएको।

[119] पहिलो संशोधनद्वारा संशोधित।

[120] पहिलो संशोधनद्वारा झिकिएको

(च) नेपाल शिक्षक महासंघ गाउपालिका समिति अध्यक्ष — सदस्य

(छ)[121]......

(ज) शिक्षा अधिकृत [122]वा सो काम गर्न तोकिएको व्यक्ति — सदस्य–सचिव

(२)[123].....

(३) परीक्षा समन्वय समितिको बैठक तोकिए बमोजिम हुनेछ ।

[124](४) मनोनित सदस्यहरुको पदावधी १ वर्षको हुनेछ ।

**४३. परीक्षा समन्वय समितिको काम कर्तब्य र अधिकार** : परीक्षा समन्वय समितिको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**४४. स्थानीय परीक्षा[125] समिति:** (१) गाउँपालिका भित्रका विद्यालयहरुमा कक्षा ५ र आधारभूत तहको अन्त्यमा लिइने कक्षा आठको परीक्षा संचालन तथा व्यवस्थापनको लागि देहायको एक स्थानीय परीक्षा समिति रहनेछ ।

(क) शिक्षा अधिकृत [126] वा सो काम गर्न तोकिएको व्यक्ति — अध्यक्ष

(ख) सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षकहरु मध्येबाट परीक्षा समन्वयन समितिले मनोनित गरेका १ जना — सदस्य

(ग) संस्थागत विद्यालयका प्रिन्सिपल मध्येबाट परीक्षा समन्वय समितिले मनोनित गरेका १ जना — सदस्य

(घ) [127]......

(ङ) विद्यालयका शिक्षकहरु मध्येबाट परीक्षा समन्वय समितिले मनोनित गरेका ३ जना — सदस्य

(च) [128]प्राविधिक सहायक वा सो काम गर्न तोकिएको व्यक्ति — सदस्य–सचिव

(२) [129]स्थानीय परीक्षा समितिको बैठक तोकिए बमोजिम हुनेछ ।

(३)[130]....मनोनित सदस्यको पदावधी १ वर्षको हुनेछ ।

(४) परीक्षा समन्वय समितिले विद्यालयहरुमा परीक्षा सञ्चालन गर्न छुट्टै परीक्षा ब्यवस्थापन उपसमिति गठन गरी परीक्षा संञ्चालन गर्ने जिम्मेवारी तोक्न सक्नेछ ।

---

[121] पहिलो संशोधनद्वारा झिकिएको
[122] पहिलो संशोधनद्वारा संशोधित ।
[123] पहिलो संशोधनद्वारा झिकिएको ।
[124] पहिलो संशोधनद्वारा थप ।
[125] पहिलो संशोधनद्वारा संशोधित ।
[126] पहिलो संशोधनद्वारा थप ।
[127] पहिलो संशोधनद्वारा झिकिएको
[128] पहिलो संशोधनद्वारा संशोधित ।
[129] पहिलो संशोधनद्वारा संशोधित ।
[130] पहिलो संशोधनद्वारा संशोधित ।

**४५.स्थानीय परीक्षा समितिको[131] काम कर्तब्य र अधिकार [132]....तोकिए बमोजिम हुनेछ।**

**४६. निजी लगानीका विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति लिनुपर्ने छ।**

**४७[133]....**

**४८.अनुगमन तथा मूल्याङ्कन:**निजी लगानीका विद्यालयको गुणस्तर कायम राख्न गाउँशिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

**४९.अनुमती वा स्वीकृति रद्द गर्ने:** कुनै निजी लगानीका विद्यालयले यस ऐन अन्तर्गत बनेको नियम विपरीत [134]... काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमती वा स्वीकृति रद्द गर्न सक्ने छ तर त्यसरी अनुमती वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**५०. विद्यालय कोष:** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**५१. अनुदानको व्यवस्था:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ। तर अनुदान कटौती गर्नु अधि त्यस्ता विद्यालयलाई आगामी शैक्षिक सत्रमा तोकिएको शैक्षिक गुणस्तर कायम राख्न करार गराउन सकिनेछ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम थप अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) विद्यालयका शिक्षक विद्यार्थीहरुको पोशाक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५२. लेखा व्यवस्थापन:**(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

---

[131] पहिलो संशोधनद्वारा संशोधित।

[132] पहिलो संशोधनद्वारा झिकिएको।

[133] पहिलो संशोधनद्वारा झिकिएको।

[134] पहिलो संशोधनद्वारा संशोधित।

(२)[135]विद्यालयको लेखा नियमित रुपमा विद्यालय प्रशासनले व्यवस्थित गरी राख्नु पर्नेछ। आर्थिक कारोवार संञ्चालनार्थ बैङ्क खाता संञ्चालन प्र.अ. र लेखा कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट हुनेछ। तर १ मात्र दरबन्दी भएको विद्यालयको हकमा भने प्र.अ. र वि.व्य.स. अध्यक्षको संयुक्त दस्तखतबाट खाता संञ्चालन हुनेछ। विद्यालयको आर्थिक कारोवार लगाएत सम्पूर्ण गतिविधि हेर्ने पुर्ण अधिकार तथा कर्तव्य विद्यालय व्यवस्थापन समितिको हुनेछ।

**५३. लेखा परीक्षण तथा सामाजिक परीक्षण**:(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको दोस्रो चौमासिक अवधि भित्र गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ । विद्यालयको सामाजिक परीक्षण शिक्षक अभिभावक संघले गर्नेछ ।

४) [136].....

**५४. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**: गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना [137]भएका नियमित विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्ने छ ।

**५५. शुल्क तथा सहयोगबाट प्राप्त रकम**: (१) नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सार्वजनिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सार्वजनिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा भर्ना शुल्क लिन मिल्ने भए एकपटक लिइसकेपछि पुन: सोही तहको अर्को कक्षामा कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

---

[135] पहिलो संशोधनद्वारा संशोधित ।
[136] पहिलो संशोधनद्वारा झिकिएको ।
[137] पहिलो संशोधनद्वारा थप ।

(७) निजी लगानीका विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाई सम्बन्धित पदाधिकारीलाई गाउँ शिक्षा समितिबाट सचेत समेत गराउन सकिनेछ ।

(९) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले रु २५०००।० (अक्षेरेपी रु पचिस हजार मात्र) सम्म जरिवाना गर्नसक्ने छ ।

**५६.विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्ने छ ।

(३) सार्वजनिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**५७. गाउँपालिका क्षेत्रमा सञ्चालित सार्वजनिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ।** यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन गरी विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ । गाउँपालिकाले प्राविधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिंदा तोकिएको मापदण्ड वमोजिम नदोहोरिने गरी विषय सिफारिस गर्नेछ । सार्वजनिक विद्यालयमा प्राविधिक कक्षाका लागि चाहिने शिक्षक कर्मचारी व्यवस्थापन गर्नकालागि गाउँपालिकाले थप अनुदान उपलब्ध गराउन सक्नेछः(१) प्राविधिक शिक्षा सम्बन्धी अन्य व्यवस्था संघीय [138]...शिक्षा ऐनले तोकेबमोजिम हुनेछ ।

**५८ [139].....**

**५९.विद्यालयको विनियमः** (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता,कार्यक्रम सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम तथा कार्यविधि अभिभावक भेलाबाट पारित गराई गाउँ शिक्षा समितिले स्वीकृति प्रदान गरेपछि लागू गर्नुपर्ने छ ।

(२)[140] वि.व्य.स.ले विनियम आवश्यकता अनुसार संशोधन गर्नसक्ने छ ।

(३) विनियम/ कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

---

[138] पहिलो संशोधनद्वारा झिकिएको ।
[139] पहिलो संशोधनद्वारा झिकिएको ।
[140] पहिलो संशोधनद्वारा संशोधित ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले गाउँपालिकामा[141] स्वीकृतिका लागि पेस गर्नुपर्ने छ।

(५) विद्यालयको [142]विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ।

**६०. गाउँपालिकाले निर्देशन दिन सक्ने:** (१) गाउँपालिकाले तोकिएको शैक्षिक व्यवस्था सम्बन्धी आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**६१ . विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु सबै नागरिकको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**६२. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

(३) कुनै प्रकारको बाल दुर्व्यवहार गरेको पाइएमा सम्बन्धित पदाधिकारीहरुलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

**६३. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन:**(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**६४. गाउँपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तरमापन गर्न सक्नेछ।**

**६५. प्रगति विवरण बुझाउनु पर्ने:** निजी लगानीका विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण वडा शिक्षा समिति र गाउँ शिक्षा समितिमा बुझाउनु पर्नेछ।

[141] पहिलो संशोधनद्वारा संशोधित।
[142] पहिलो संशोधनद्वारा संशोधित।

**६६. गाउँशिक्षा विकास कोषः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न गाउँशिक्षा विकास कोष स्थापना गर्नसक्नेछ।

(२) कोषमा देहाय बमोजिमको रकम रहन सक्नेछ :

(क) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, गाउँशिक्षा समितिले तोकेको स्थानीय शिक्षाविद् तथा शिक्षा अधिकृत रहेको समितिले सिफारिस गरेबमोजिम हुनेछ।

**६७. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ती हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्नसक्ने छ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी प्रचलित कानूनले तोकेबमोजिम सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमती नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा, ब्रिज कोर्ष, ट्युसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरितको अन्य कार्य गरेमा।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

**६८. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**६९. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक शिक्षा नियमावली, निर्देशिका र मापदण्ड तथा कार्यविधि बनाउन सक्नेछ।

**७०.[143].....**

[144]**७१. शैक्षिक सुधारका निम्ति देहाय बमोजिमका बिषयमा विनियम, कार्यविधि र निर्देशिका बनाई लागू गर्न सकिनेछ :**

(१) असल शिक्षक प्रोत्साहन,

(२) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

(३) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

(४) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

(५) नमूना विद्यालय छनौट र विकास,

(६) गुरीबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरुकाका लागि शैक्षिक प्रोत्साहन,

(७) शिक्षक दरबन्दी व्यवस्थापन एवम् मिलान,

(८) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

(९) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

(१०) भौचर प्रणालीमा आधारित शिक्षा,

(११) गाउँशिक्षा परिषद् गठन,

(१२) गुणस्तरीय शिक्षाका लागि अनुदान,

(१३) अनिवार्य शिक्षा कार्यक्रम कार्यान्वयन,

(१४) एक माध्यमिक विद्यालय एक प्राविधिक संकायलाई प्रोत्साहन

(१५) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम,

(१६) अन्तरविद्यालय सहयोग कार्यक्रम,

(१७) विशेष शिक्षा नमुना कार्यक्रम

---

[143] पहिलो संशोधनद्वारा झिकिएको।

[144] पहिलो संशोधनद्वारा संशोधित।

[145](१८) सामुदायिक विद्यालयमा दिवाखाजाको प्रबन्ध

[146](१९) सामुदायिक विद्यालयका गरिब तथा उत्कृष्ट विद्यार्थी (कक्षा १२ पूरा गरेका) लाई उच्च शिक्षा अध्ययनार्थ छात्रवृत्ति कार्यक्रम

[147](२०) विद्यार्थीको चौतर्फी विकासकोलागि खेलकुद कार्यक्रम

[148]**७२. विद्यालयको पठनपाठन बन्द हुने** (१) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले सर्वजनिक विदा तोकेको दिन विद्यालय बन्दहुनेछ।

(२) दशैंको घटस्थापना देखि कोजाग्रत पूर्णिमा सम्म विद्यालय बन्द रहनेछ।

(३) [149]लक्ष्मीपूजा देखि भाइटिकाको भोलिपल्ट सम्म विद्यालय बन्द रहनेछ।

(४) एक शैक्षिक सत्रमा हिउँदे विदा, बर्षेविदा वा दुबै गरी ४५ दिन विद्यालय बन्द रहनेछ।

(५)[150] ....

(६) स्थानीय चाड पर्वलाई आधार मानेर विद्यालय व्यवस्थापन समितिले [151]आवश्यकताका आधारमा पटक पटक समेत गरी थप ५ दिन सम्म विद्यालय बन्द गर्न सक्नेछ।

(७) वर्षे- हिउँदे र स्थानीय पर्व विदामा विद्यालय बन्द गर्दा शिक्षक बैठकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले गर्नेछ।

(८) बहाल / कार्यरत शिक्षक कर्मचारी र अध्यनरत विधार्थीको मृत्युमा शोकसभा गरी सो दिन पठनपाठन स्थगित गर्न सकिनेछ। तर शिक्षक कर्मचारीले सो दिनको अन्य कार्य भने नियमितरुपमा गर्नुपर्नेछ।

(९) उपरोक्त भन्दा वढी दिन विद्यालय बन्द गर्न पाइने छैन।[152] ......

[153]**७३. बाधा अड्काउ फुकाउने अधिकार**:यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत: निस्क्रिय हुनेछ।

[154]**७४. गाउँपालिकाको शिक्षा ऐनको संशोधन**: कुम्मायक गाउँपालिकाको शिक्षा ऐन, २०७६ को संशोधन कुम्मायक गाउँपालिकाको गाउँसभाको दुई तिहाइ मतबाट गर्न सकिनेछ।

---

[145] पहिलो संशोधनद्वारा थप।
[146] पहिलो संशोधनद्वारा थप।
[147] पहिलो संशोधनद्वारा थप।
[148] पहिलो संशोधनद्वारा संशोधित।
[149] पहिलो संशोधनद्वारा संशोधित।
[150] पहिलो संशोधनद्वारा झिकिएको।
[151] पहिलो संशोधनद्वारा थप।
[152] पहिलो संशोधनद्वारा झिकिएको।
[153] पहिलो संशोधनद्वारा संशोधित।

[155]**७५. बचाउ र लागू नहुने:**(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ती हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ।

(४) यसअघि कानुनबमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन, तर यस व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन।

(५) यस ऐनमा उल्लेख भएका कुराहरु संघीय शिक्षा ऐनसँग बाझिएमा [156]बाझिएको हद सम्म स्वत: खारेज हुनेछन्।

---

[154] पहिलो संशोधनद्वारा संशोधित।
[155] पहिलो संशोधनद्वारा संशोधित।
[156] पहिलो संशोधनद्वारा संशोधित।